# प्रेस विज्ञप्ती

## आर्थिक गतिविधि बढाउन जनप्रतिनिधिको भूमिका महत्वपूर्ण

२०७४ जेष्ठ १६ गते

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले आर्थिक सम्भावनालाई मूर्त रुप दिन स्थानीय तहको जनप्रतिनिधिहरुको भूमिका अत्यन्त महत्वपूर्ण हुने धारणा राख्नुभएको छ ।

ललितपुर उद्योग वाणिज्य संघले महासंघ नवनिर्वाचित पदाधिकारी र जिल्लाका स्थानीय तहका जनप्रतिनिधिहरुका लागि आयोजित स्वागत तथा बधाई समारोहमा उहाँले सो धारणा राख्नुभएको हो ।

कला संस्कृतिले भरिएको ललितपुर जिल्लामा हस्तकला, पर्यटन प्रर्वद्धन र दक्षिणी भेगमा कृषिजन्य उत्पादनको प्रबल सम्भावना रहेको जनाउँदै महासंघका अध्यक्ष राणाले त्यसलाई मूर्त रुप दिएर आर्थिक विकास गर्न जनप्रतिनिधिहरुले सकारात्मक भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले एक जिल्ला एक उत्पादन अर्न्तगत ललितपुरलाई हस्तकलाको जिल्ला घोषणा गरिएकोले लुभू र बुगंमतीलाई हस्तकलाको ग्रामको रुपमा घोषणा गर्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले विगतमा उद्योग वाणिज्य संघ र महानगरपालिकाको बीचमा भएको सहमति अनुरुप महानगरको आर्थिक विकास गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो । प्रमुख महर्जनले जिल्लामा व्यावसायिक वातावरण तयार गर्न आफ्नो सशक्त पहलकदमी हुने पनि बताउनुभयो ।

सो अवसरमा ललितपुर उद्योग वाणिज्य सघका अध्यक्ष सविन श्रेष्ठले आर्थिक विकासको लागि संघले अघि सारेको एजेण्डा र कार्यक्रमा निर्वाचित जनप्रतिनिधिहरुले निरन्तरता दिने विश्वास व्यक्त गर्दै जिल्लाको समृद्धि र विकासको लागि सबैसंग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताउनुभयो ।

उहाँले संघको सहयोगमा स्थानीय तहले उठाउन गरेको करको २५ स्थानीय तहले व्यावसायिक वातावरण तयार गर्न खर्चिनुपर्ने पनि माग गर्नुभयो । सो अवसरमा महानगरपालिकासहित महालक्ष्मी, गोदावरी, नगरपालिका, वाग्मती, कोञ्जोसोम, र महाकाल गाउँपालिकाका प्रमुख र उपप्रमुख सबैलाई संघका निर्वतमान अध्यक्ष अजरमान जोशीले खादा ओढाई र अध्यक्ष श्रेष्ठले पुष्पगुच्छा प्रदान गर्नुभयो ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डीराज ढकाल, संघका वरिष्ठ उपाध्यक्ष रविन्द्रराज ताम्रकार र महासचिव भरतलाल जोशी लगायतले आर्थिक समृद्धिमा जनप्रतिनिधिबाट हुनुपर्ने कार्यमा केन्द्रीत गर्दै आ आफ्नो धारणा राख्नुभयो ।